**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०२ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- **प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि भारतले एक बलियो सेमीकंडक्टर इकोसिस्टमको निर्माण गरिरहेको छ जसले देशलाई  आत्मनिर्भर अनि वैश्विक स्तरमा प्रतिस्पर्धी बनाउनेछ।**
- पश्चिम बंगाल शिक्षक भर्ती घोटाला मामलामा प्रवर्तन निदेशालय (ईडी) को जांच तिव्र बनेको छ।
- नयाँ बर्षको आरम्भ देखि गाजोलडोबा भोरेर आलो पर्यटन केंद्रमा  एक एडवेंचर स्पोर्ट्स पार्कको शुभारंभ गरिने भएको छ।
- स्थानीय शिल्पकार, चित्रकारहरुको कलालाई स्थान दिदै मिरिकको कृष्णनगरमा दार्जीलिङ सोभिनियर हाउसको उद्घाटन गरिएको छ ।

<u>सेमीकॉन इंडिया</u>

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि भारतले एक बलियो सेमीकंडक्टर इकोसिस्टमको निर्माण गरिरहेको छ जसले देशलाई  आत्मनिर्भर अनि वैश्विक स्तरमा प्रतिस्पर्धी बनाउनेछ। आज नयाँ दिल्लीको यशोभूमिमा सेमीकॉन इंडिया 2025 को उद्घाटन गर्दै श्री मोदीले भन्नुभयो कि त्यो दिन अब टाडो छैन जब भारतको सबैभन्दा सानो चिपले विश्वमा सबैभन्दा ठुलो  परिवर्तन ल्याउनेछ। सेमीकंडक्टरमा वैश्विक प्रगतिलाई गति दिने क्षमता रहेको उहाले बताउनुभयो। श्री मोदीले भन्नुभयो कि भविष्यमा वैश्विक सेमीकंडक्टर बाजारले एक ट्रिलियन डॉलर पार गर्नेछ अनि जुन गतिमा भारत अघि बढिरहेको छ , देशले यस बजारमा एक महत्वपूर्ण हिस्सेदारी प्राप्त गर्नेछ।   केंद्रीय इलेक्ट्रॉनिक्स अनि सूचना प्रौद्योगिकी मंत्री अश्विनी वैष्णवले  कार्यक्रमलाई संबोधित गर्दै भन्नुभयो कि भारतमा सेमीकंडक्टर मिशनको शुरुआत भए पछि विश्वले पुरा विश्वाससित भारत तर्फ हेरिरहेको छ। उहाले भन्नुभयो कि देशमा पांच सेमीकंडक्टर इकायहरुको निर्माण कार्य प्रगतिमा छ। यस्तो अझ दुई वटा विनिर्माण इकायहरुले केहि महिनामा उत्पादन शुरू गर्ने उहाले अझ बताउनुभयो।

**<u>शिक्षक भर्ती घोटाला</u>**

पश्चिम बंगाल शिक्षक भर्ती घोटालासित सम्बन्धित ‘दागी अयोग्य’ उम्मीदवारहरुलाई लिएर दर्ता गरिएको याचिकालाई आज कलकत्ता हाईकोर्टले रद्द गरिदिएको छ। अदालतले याचिकाकर्ताहरुलाई कडा टिप्पणी गर्दै प्रश्न गरेको छ कि उनीहरु येती दिनसम्म किन चुप लगेर बसे अनि एसएससी को सूची प्रकाशित हुन साथै कोर्टको ढोका किन खटखटाए। सुप्रीम कोर्टको निर्देशमा एसएससी ले गत सप्ताह  एक हजार 806 दागी अयोग्य उम्मीदवारहरुको सूची प्रकाशित गरेको थियो। निर्देशानुसार, यी उम्मीदवारहरु आगामी 7 अनि 14 सितंबरमा हुने भर्ती परीक्षाहरुमा सामेल हुन पाउने छैनन्। याचिकाकर्ताहरुले यो पनि प्रश्न उठाएका छन् कि जब उनीहरुलाई  एडमिट कार्ड जारी गरिएको थियो तब पछि परीक्षाबाट बाहिर किन राखियो तर अदालतले यस दलीललाई रद्द गरिदिएको छ। उच्च न्यायालयले स्पष्ट गरेको छ कि एसएससी द्वारा प्रकाशित ‘दागी अयोग्य’ उम्मीदवारहरुको सूचीमा हस्तक्षेपको कुनै सम्भावना छैन,यसैले याचिकाकर्ता उम्मीदवारहरु अब आगामी भर्ती परीक्षामा सामेल हुन पाउने छैनन्।

**<u>शिक्षक भर्ती घोटा - (ईडी)</u>**

पश्चिम बंगाल शिक्षक भर्ती घोटाला मामलामा प्रवर्तन निदेशालय (ईडी) को जांच तिव्र बनेको छ। ईडी अधिकारिहरुले ती शिक्षक अभ्यार्थीहरुसित सोध-पुछको लागि नोटिस पठाएको छ , जसले तृणमूल कांग्रेस विधायक जीवन कृष्ण साहालाई नौकरीको लागि पैसा दिएका थिए। मुर्शिदाबाद जिल्लाको बड़त्रा विधानसभा क्षेत्रबाट  टीएमसी विधायक साहालाई गत 25

अगस्तको दिन ईडी ले पक्राउ गरेको थियो। ईडी सूत्रहरु अनुसार, साहाले 75 उम्मीदवारहरुबाट पैसा लिएर अवैध भर्ती सुनिश्चित गरेका थिए। सूत्रहरुले बताए अनुसार पहिलो चरणमा 20 उम्मीदवारहरुलाई आगामी सप्ताह ईडी को साल्ट लेक स्थित सीजीओ कॉम्प्लेक्समा सोध-पुछको लागि बोलाएको छ। ईडी का वकीलले अघि बाटै कोलकाताको पीएमएलए विशेष अदालतलाई जानकारी दिनुभएको थियो कि बर्ष 2010 देखि 2015 बीच साहाको खातामा लगभग 1 करोड 20 लाख रुपियाँ जमा भएको थियो जसको स्रोतबारे उनले स्पष्ट गर्न सकेनन्।
साहा अहिले न्यायिक हिरासतमा छन्। यसभन्दा पुर्ब सीबीआई ले पनि उनलाई यसै मामलामा पक्राउ गरेको थियो। जांच एजेंसिहरु अनुसार साहाले भर्ती पैनलको वैधता समाप्त भए पछि पनि केहि उम्मीदवारहरुको नियुक्ति सुनिश्चित गराएका थिए। यसमा उनको सकयोग तत्कालीन डब्ल्यूबीएसएससी का शीर्ष अधिकारी शांति प्रसाद सिन्हाले गरेका थिए र उनलाई साहाले 75 अयोग्य उम्मीदवारहरुको सिफारिश गरेका थिए।

धर्ना प्रदर्शन

चिया उत्पादक साना कृषकहरुको समूह वेस्ट बेगल युनाइटेड फोरम अफ् स्मल टि ग्रोवर्श एशोसिएसन ले गत 31 जुलाईको दिन चिया उत्पादक साना कृषकहरुको विभिन्न समस्याहरुको उल्लेख गरी भारतीय चिया परिषदका सह निर्देशकलाई एक ज्ञापन पत्र बुझाएको थियो भने ज्ञापनपत्र विषय लिएर आजसम्म कुनै सकारात्मक पहल नभएकोले आज पुनः यस एशोसिएसनले भारतीय चिया परिषदको सिलगढी स्थित टि पार्कमा धर्ना प्रदर्शन गरे। सम्पूर्ण उत्तर बंगालका चिया उत्पादक साना कृषकहरुको विविध समस्यालाई सम्बोधन गरिएको छ सूत्रीय मागमा विशेष गरी उत्तर दिनाजपुर, जलपाईगडी,अलिपुरद्वार,कोचविहार अनि तराई मधेस क्षेत्रका चिया उत्पादकहरुले चियाको मूल्य एकदमै कम्ती 10 देखि 12 रूपियाँसम्म मात्र पाइरहेको र यसमा बढोत्तरी गरी 25 देखि 30 रुपियाँ सम्म गरिनुपर्ने, कतिपय चिया कारखानाहरूले सस्तो चियापत्तीबाट निकालिएको वेस्ट तथा फयाकिने चियापतीबाट पनि निम्न स्तरको चिया उत्पादन गरिरहेकोले यसमा रोक लगाउनुपर्ने, चिया कारखानाहरूले तयार पारेको सम्पूर्ण चिया टि अकशनमा बिक्री नगरेर निजी स्रोतबाट बिक्री गरिरहेको हुनाले सम्पूर्ण चिया अक्शन द्वारानै बिक्री गरिनुपर्ने लगाएत बिभिन्न मांगहरु लिएर धर्ना प्रदर्शन गरे।

**गाजोलडोबा - पर्यटन केंद्र**

नयाँ बर्षको आरम्भ देखि गाजोलडोबा भोरेर आलो पर्यटन केंद्रमा एक एडवेंचर स्पोर्ट्स पार्कको शुभारंभ गरिने भएको छ। पर्यटन विभागले यस पार्कको लागि बुनियादी ढांचा तैयार पारेको छ। येद्धपी पर्यटन विभागले यस पार्कको संचालन गर्ने छैन। यसको संचालन एक निजी संस्थाले गर्नेछ। मुख्यमंत्री ममता बनर्जीले बर्ष 2018 मा गाजोलडोबा पर्यटन केंद्रको उद्धाटन गर्नुभएको थियो। त्येस समय देखि भोरेर आलोमा लगभग दुई एकड़ ज़मीनमा हाथी सफारीको लागि एक आश्रय स्थल बनाईएको थियो तर वन विभाग अनि पर्यटन विभाग बीच मतभेदको कारण त्येस आश्रय स्थलको शुभारंभ हुन सकेको थिएन। एडवेंचर स्पोर्ट्स पार्कको शुभारंभ नयाँ बर्षको आरम्भमा हुने गाजोलडोबा विकास प्राधिकरणका उपाध्यक्ष खगेश्वर रॉयले जानकारी दिनुभएको छ।

करम पूजा

जीटीएद्वारा जीटीएक्षेत्रमा पर्ने सबै शैक्षिक संस्थाहरुमा 3 सेप्टेम्बर बिदाको घोषणा गरिएको छ। जीटीएको प्रशासनिक विभागले जारी गरेको अधिसूचना अनुसार 3 सेप्टेम्बर 2025 को दिन "करम पूजा"को दिन हो। यस अवसरमा जीटीए अधिकार क्षेत्रभित्रका सरकारी कार्यालय तथा शैक्षिक संस्थाहरूमा सार्वजनिक बिदा घोषणा गरिएको बताइएको छ।

सोभिनियर हाउस- उद्धघाटन

स्थानीय शिल्पकार, चित्रकारहरुको कलालाई स्थान दिदै मिरिकको कृष्णनगरमा दार्जीलिङ सोभिनियर हाउसको उद्धाटन गरिएको छ। यहाँ स्थानीय शिल्पकारहरुद्वारा निर्मित बस्तुहरु बिक्रीमा राखिने छ, जसमा पेन्टिङ, सिलाई बुनाईका सामाग्री, मग प्रिन्ट, टि सर्ट प्रिन्ट, लोकल अचार, फ्रेमहरु, फोटोग्राफ, सम्मान चिन्हहरु पनि प्रिन्ट गर्न सकिनेछ। दार्जिलिङ सोभिनियर हाउसको प्रत्येक सामाग्रीमा गोर्खापन पाइनेछ। गोर्खे स्वाद अनि संस्कृतिको बेजोड मिलन हो भन्दै दार्जीलिङ सोभिनियर हाउस कृष्णनगरको उद्धघाटन गर्दै मिरिक नगरपालिका अध्यक्ष एलबी राईले यस कार्यको प्रशंसा गरे।

दैलोमा सरकार- शिविर

लामाहट्टा ग्राम पंचायत अन्तर्गत रहेको दुईवटा बुथहरु क्रमैले 24 /55 अनि 24 /56 का मतदाताहरुलाई लिएर सरस्वती उच्चतर माद्यामिक विद्यालय परिसरको सार्वजनिक भवनमा पंश्चिम बङ्गाल सरकारको महत्वाकांक्षी योजना दैलोमा सरकारको शिविर हिजो सम्पन्न गरियो । शिविर अवधि दुइटा बुथका मतदाताहरुलाई लिएर सभा पनि सम्पन्न गरिएको थियो भने यता सार्वजनिक भवन भित्र दैलोमा सरकार शिविर पनि चलि रहेको थियो । केही बर्षको अन्तरालमा सम्पन्न दैलोमा सरकार शिविरमा धरै नै मानिसहरुको भीड रहेको थियो भने कतिपय महिलाहरुको लक्ष्मी भण्डार, स्वास्थ्य साथी कार्ड बाहेक कतिपय मानिसहरु वृद्ध भत्ता आदिको लागि पंक्तिमा उभिएको देखियो ।

BJP- पोष्टरिङ

भारतीय जनता पार्टीले पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जीले भारतीय सेनाप्रति गरेको अपमानजनक वक्तव्यको विरोध जनाउँदै खरसाङमा पोष्टरिङ गरेको छ। राज्यका मुख्यमन्त्री ममता ब्यानर्जीको वक्तव्यको विरोधमा भारतीय जनता पार्टीले खरसाङ बजारको विभिन्न स्थानहरुमा पोष्टरिङ गरेको छ। यस क्रममा भाजपाले खरसाङको मोटर स्ट्याण्ड क्षेत्रमा व्यापक पोस्टरिङ गरेका छन्। खरसाङमागरिएको पोष्टरिङ विषयमा पत्रकारहरुसित कुराकानी गर्दै भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला महासचिव सोनाम लामाले हाम्रो सेना देशको शान, गौरव र मर्यादाको प्रतिक हो भन्दै सेनाको अपमान गर्नु राष्ट्रकै अपमान गर्नु हो भनी आरोप लगाएका छन्।